

अनुसन्धानको आधार बन्न सक्छ पूर्वीय दर्शन

✍ डा. तेजबहादुर कार्की ३

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९



जि.प्र.का.झापा द.नं.६९१ ०५७/०५८ सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com



ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक :
**देवीप्रसाद सिटौला**
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
**राजकुमार श्रेष्ठ**
९८०६०७०४१०





❑ वर्ष-२१ ❑ अंक - १७५ ❑ २०८३ असार २० गते शनिबार ❑ Saturday, 4 July, 2026 ❑ मूल्य ७ /-


## कांग्रेसमा इतर पक्षको नयाँ कार्यालय

**दमक/** अन्तत नेपाली काँग्रेस विभाजन भएको छ । कांग्रेसको इतर पक्षले आगामी असार २२ गतेदेखि चुनदेविस्थित नयाँ कार्यालयबाट छलफल र बैठक चलाउने भएको छ । यो सँगै काँग्रेस दुई भागमा विभक्त भएको हो । गोल्फुटारमा भेला भएका संस्थापन इतर पक्षका नेताहरूको बैठकका क्रममा सञ्चारकर्मीसँग कुराकानी गर्दै पार्टीका पूर्वप्रचार विभाग प्रमुख मीनबहादुर विश्वकर्माले यस्तो जानकारी दिएका हुन् ।

उनले संस्थापन पक्षले एकताको प्रयास नगर्दा १५औँ महाधिवेशन एउटै हुने सम्भावना क्षीण बन्दै गएको पनि बताएका हुन् । शुक्रबार गोल्फुटारमा इतर समूहका नेताहरूको बैठकमा सहभागी नेता विश्वकर्माले १५औँ महाधिवेशन एउटै हुने सम्भावना क्षीण बाँकी ४ पेजमा ▸▸

## भरुवा बन्दुकसहित दुई जना पक्राउ

**पाँचथर/** प्रहरीले अवैध भरूवा बन्दुकसहित दुई जनालाई पक्राउ गरेको छ । जिल्लाको मिक्लाजुङ गाउँपालिका-६ कन्याटार स्थित राँके-रवि-भेडेटार सडक खण्डमा सवारी चेकजाँचका क्रममा उनीहरु पक्राउ परेका हुन ।

प्रहरी नायब उपरीक्षक अनिष कुमार कर्णका अनुसार प्र.१-०१-१४ प ६०४५ नम्बरको यामाहा एमटी-१५ मोटरसाइकल रोकेर जाँच गर्दा चालक मिक्लाजुङ गाउँपालिका-५ का २५ वर्षीय दिलविर माखिम र पछाडि सवार सोही गाउँपालिका-५, कुरूम्बाका ३७ वर्षीय मनकुमार माखिमको साथबाट एकनाले भरूवा बन्दुक बरामद भएको हो । बाँकी ४ पेजमा ▸▸

## दोहोरो नागरिकता लिने पक्राउ

**धनकुटा/** वास्तविक जन्ममिति लुकाई दोहोरो नागरिकता र राहदानी लिएको उजुरीका आधारमा प्रहरीले एकजना पक्राउ गरेको हो । धनकुटामा दोहोरो नागरिकता र राहदानी लिएका एक पुरुषलाई प्रहरीले पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा धनकुटाको महालक्ष्मी नगरपालिका-४ ( साविक मूर्तिढुङ्गा-८) स्थायी घर भएका ४३ वर्षीय द्रोणराज काफ्ले छन् । जिल्ला प्रहरी कार्यालय धनकुटाका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक (डीएसपी) हेमन्त भण्डारीका अनुसार गलत उद्देश्य राखी झुटा विवरण पेस गरेको, वास्तविक जन्ममिति लुकाई दोहोरो नागरिकता बनाएको र दुवै नागरिकताका आधारमा राहदानीसमेत लिएको भनी उनी विरुद्ध उजुरी परेपछि पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

### सार्वजनिक सुनुवाइमा दमक नपाको प्रगति सार्वजनिक

# चुनौती बन्दै कर्मचारी अभाव र फोहोर व्यवस्थापन

✍ बाबुराम क्षेत्री




**दमक/** दमक नगरपालिकाले आर्थिक वर्ष २०८२/०८३ मा हालसम्म ५८.२५ प्रतिशत बजेट खर्च गरेको जनाएको छ । शुक्रबार आयोजित सार्वजनिक सुनुवाइ कार्यक्रममा नगरपालिकाले विकास निर्माण, सामाजिक सेवा र राजस्व संकलनका उपलब्धिसँगै कर्मचारी अभाव, फोहोरमैला व्यवस्थापन र अन्तरनिकाय समन्वयलाई प्रमुख चुनौतीका रूपमा औंल्याएको हो ।

नगरप्रमुख रामकुमार थापाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उपप्रमुख रेगिना भट्टराई प्रसाई, प्रमुख प्रशासकीय अधिकृत सुनिल निरौलालाई प्रश्नोत्तर आमन्त्रण गरिएको थियो । उनीहरूले नागरिकका जिज्ञासा र गुनासोको जवाफ दिएका थिए ।

प्रमुख प्रशासकीय अधिकृत निरौलाले प्रस्तुत गरेको प्रगति प्रतिवेदन अनुसार चालु आर्थिक वर्षमा चालु खर्च ७६.३१ प्रतिशत, पुँजीगत खर्च ३०.५२ प्रतिशत र कुल खर्च ५८.२५ प्रतिशत पुगेको छ । कुल अनुमानित आयमध्ये ७५.४२ प्रतिशत राजस्व संकलन भएको छ भने नगरमा ७५ हजार ८७५ करदाता रहेका छन् । हालसम्म १८ करोड ५० लाख रूपैयाँभन्दा बढी आन्तरिक आम्दानी संकलन भएको जानकारी निरौलाले दिए ।

निरौलाले वर्षभरि सम्पादन भएका गतिविधि सार्वजनिक गर्दै वडा कार्यालयमा कर्मचारी अभाव, निर्माण सामग्रीको मूल्यवृद्धिका कारण योजनाको कार्यान्वयनमा ढिलाइ, अन्तरनिकाय समन्वयको कमजोरी, फोहोरमैला व्यवस्थापन तथा सीपमूलक तालिमलाई उत्पादन र रोजगारीसँग जोड्न नसक्नु प्रमुख समस्याका रूपमा रहेको बताए ।

सामाजिक विकासतर्फ ८५९ जना दलित विद्यार्थीलाई छात्रवृत्ति वितरणको तयारी अन्तिम चरणमा पुगेको, १५७ जना अपाङ्गता भएका व्यक्तिलाई सहायक सामग्री वितरण गरिएको तथा सात जनालाई कृत्रिम हात-खुट्टा जडान गरिएको जनाइएको छ । हिंसापीडित ५६ जना महिला तथा किशोरीको उद्धार र संरक्षण गरिएको तथा ४५ जना विपन्न दुर्व्यसनीलाई सुधार केन्द्रमार्फत उपचार गराइएको जानकारी पनि कार्यक्रममा दिइयो ।

स्वास्थ्य क्षेत्रमा एक वर्षमुनिका बालबालिकालाई नियमित खोप, १ हजार ३६८ जनाको निःशुल्क आँखा परीक्षण, ४ हजार ३६२ जनाको नसर्ने रोग परीक्षण तथा ६१७ महिलाको पाठेघरको मुखको क्यान्सर परीक्षण गरिएको नगरपालिकाले जनाएको छ । ३०५ जना जटिल रोगका बिरामीलाई उपचार सहयोग उपलब्ध गराइएको पनि जानकारी दिइयो । दमक अस्पतालमा हाल २३३ कर्मचारी कार्यरत रहेको र चालु आर्थिक वर्षको जेठ मसान्तसम्म ३२ करोड ४२ लाख रूपैयाँभन्दा बढी आम्दानी तथा २१ करोड ४९ लाख रूपैयाँभन्दा बढी खर्च भएको विवरण सार्वजनिक गरिएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै उपप्रमुख रेगिना भट्टराई प्रसाईले सार्वजनिक सुनुवाइ नागरिक बाँकी ४ पेजमा ▸▸

### कोशीमा पुँजीगत खर्च खुम्चिँदा विकास निर्माणमा असर

# प्रदेशको खर्च संघीय अनुदानकै भरमा

**दमक/** कोशी प्रदेशले हालसम्म आन्तरिक राजस्व ५ अर्ब रूपैयाँसमेत उठाउन सकेको छैन । प्रदेश सरकार समानीकरण, सशर्त, विशेष र समपूरक अनुदानमार्फत संघीय सरकारबाट प्राप्त हुने स्रोतमा अत्यधिक निर्भर छ, तर प्राप्त अनुदानसमेत समयमै खर्च गर्न नसक्दा ठुलो रकम संघीय सरकारलाई फिर्ता गर्नुपर्ने अवस्था बनेको छ । आर्थिक वर्ष २०८१/०८२ मामात्रै प्रदेश सरकारले ३ अर्ब ३० करोड रूपैयाँ अनुदान फिर्ता गरेको थियो । आर्थिक मामिला मन्त्रालयका उपसचिव सुशील बाँस्तोलाका अनुसार चालु आर्थिक वर्षमा पनि डेढ अर्ब रूपैयाँभन्दा बढी बजेट फिर्ता जान सक्ने अनुमान छ ।

कोशी प्रदेश सरकारको पुँजीगत खर्च पछिल्ला तीन आर्थिक वर्षमा करिब चार अर्ब रूपैयाँले घटेको छ, जसले विकास निर्माणलाई प्रत्यक्ष असर पारेको छ । कोशी प्रदेश सरकारको पुँजीगत खर्च खुम्चिँदै जाँदाको असर विकास निर्माणमा देखिएको हो । पछिल्ला तीन आर्थिक वर्षमा मात्रै विकास खर्च करिब चार अर्ब रूपैयाँले घटेको छ । विकास बजेट निरन्तर ओरालो लागिरहेका बेला चालु खर्च भने बढ्दो क्रममा देखिएको छ ।

नेपाल राष्ट्र बैंकको प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन, महालेखा परीक्षकको कार्यालयको आठौँ वार्षिक प्रतिवेदन तथा कोशी प्रदेश सरकारको आर्थिक सर्वेक्षणका तथ्यांकले प्रदेश सरकारको वित्तीय क्षमता अपेक्षाअनुसार सुदृढ हुन नसकेको देखाएका छन् । बजेटको आकारमा उतारचढाव आए पनि विकासका लागि छुट्ट्याइने पुँजीगत खर्च घट्दै गएको छ भने प्रशासन सञ्चालन, तलब-भत्ता र अन्य चालु खर्चको हिस्सा बढ्दो क्रममा छ ।

आर्थिक वर्ष २०७९/०८० मा प्रदेश सरकारले बाँकी ४ पेजमा ▸▸

# सरकारका सय दिन सफल भएका छन् : *लामिछाने*

**दमक/** सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले वरिष्ठ नेता वालेन्द्र शाह नेतृत्वको सरकारको सय दिन सुशासन र नागरिक सेवाका हिसाबले सफल रहेको दाबी गरेका छन् । सरकार गठनको सय दिन पूरा हुन लागेको सन्दर्भमा सञ्चारकर्मीहरूलाई प्रतिक्रिया दिँदै सभापति लामिछानेले यो अवधिमा सरकारले नागरिकसँग प्रत्यक्ष जोडिएका विषय र सुशासनमा बढी जोड दिएको बताएका हुन् ।

सभापति लामिछानेले सरकारको ध्यान तुलनात्मक रूपमा सुशासनका मुद्दाहरूमा बढी केन्द्रित भएको उल्लेख गर्दै अहिलेको प्राथमिकता पनि यही नै रहेको स्पष्ट पारेका छन् । आम नागरिकले सेवा प्राप्त गर्ने निकायहरूलाई झन्झटरहित बनाउन, डिजिटल प्रविधिको प्रयोग बढाउन र होम डेलिभरी सेवाको सुरुवात गर्न सरकार लागिपरेको भन्दै उनले यसलाई सुखद सुरुआतको रूपमा चित्रण गरे ।



विकास निर्माण र दूरगामी महत्त्वका विषयहरूको प्रभाव तत्काल नदेखिए पनि भोलिका दिनमा त्यसको नतिजा आउने उनको भनाइ छ । विशेष गरी पूर्वाधार क्षेत्रमा तीन वर्षको प्याकेज बनाएर काम सुरु गरिएको जानकारी दिँदै उनले यसको पूर्ण नतिजा आउन केही समय लागे पनि तत्काल देखिने कामहरू पनि निरन्तर भइरहेको दाबी गरे । सरकारको यो अवधिको कामलाई सञ्चारकर्मी, बाँकी ४ पेजमा ▸▸

# स्वास्थ्य संस्थालाई २३ अर्ब ४४ करोडबढी भुक्तानी

**दमक/** लामो समयदेखि भुक्तानी गर्न रहेको बजेट स्वास्थ्य बिमाले तिरेको छ । स्वास्थ्य बिमा बोर्डले चालु आर्थिक वर्षमा सेवा प्रदायक स्वास्थ्य संस्थाहरूलाई २३ अर्ब चवालिस करोड दुई लाख ९८ हजार १६ रूपैयाँ भुक्तानी गरिसकेको जनाएको छ । बोर्डले शुक्रबार एक सूचना जारी गर्दै स्वास्थ्य संस्थालाई २३ अर्ब ४४ करोड रूपैयाँ भुक्तानी गरेको जनाएको हो ।

यो भुक्तानीसँगै २०८२ साल मङ्सिर मसान्तसम्म स्वास्थ्य बिमा बोर्डमा आबद्ध सम्पूर्ण सेवा प्रदायक स्वास्थ्य संस्थाहरूको दाबी बक्यौता फरफारक भएको छ । सीमित स्रोत साधन र संरचनागत चुनौतीका बाबजुद स्वास्थ्य बिमा कार्यक्रममार्फत नागरिकको उपचार खर्च न्यूनीकरण र वित्तीय जोखिम संरक्षणमा महत्त्वपूर्ण योगदान पुर्याउँदै आएको जनाएको छ । बोर्डको दिगो वित्तीय स्रोत तथा संयन्त्र पूर्ण रूपमा स्थापित हुन नसक्दा सेवा प्रदायक स्वास्थ्य संस्थाहरूको दाबी भुक्तानी समयमै गर्न नसकिएको र यसबाट सेवा प्रदायक तथा बीमित सेवाग्राहीहरूमा असहज परिस्थिति उत्पन्न भएको विषयप्रति बोर्ड पूर्ण रूपमा जानकार रहेको कुरा विज्ञप्तिमा उल्लेख गरिएको छ ।

मङ्सिर पश्चातको दाबी भुक्तानीका लागि आवश्यक बजेट व्यवस्थापन तथा दिगो वित्तीय स्रोत सुनिश्चितताका लागि सम्बन्धित निकायहरूसँग निरन्तर समन्वय र पहल भइरहेको बोर्डले स्पष्ट पारेको छ ।

साथै, सम्पूर्ण बीमित सेवाग्राहीहरूलाई स्वास्थ्य बिमा सेवाको जिम्मेवार र सदुपयोग गर्न, अनावश्यक स्वास्थ्य सेवा वा परीक्षणको माग नगर्न र चिकित्सक तथा स्वास्थ्यकर्मी हरूलाई आवश्यकता भन्दा बढी परीक्षण वा बाँकी ४ पेजमा ▸▸

# विद्यार्थीलाई सैन्य तालिम दिने सरकारको तयारी

**दमक/** विद्यालयमा राष्ट्रिय सेवा दल गठन गरेर विद्यार्थीलाई सैन्य तालिम दिनेगरी सरकारले कानुन निर्माणको काम अघि बढाएको छ। प्रस्तावित विधेयक अनुसार सामुदायिक र संस्थागत दुवै प्रकारका विद्यालयका विद्यार्थीलाई तालिममा सहभागी गराइनेछ। तालिमलाई दुई तहमा वर्गीकरण गरि कक्षा ८ देखि १० सम्मका १३ देखि १८ वर्ष उमेरका विद्यार्थीलाई बाँकी ४ पेजमा ▸▸

## दुर्घटनामा १७ जना घाइते

**काठमाडौं/** बैतडीमा यात्रुवाहक बस दुर्घटना हुँदा १७ जना घाइते भएका छन् । धनगढीबाट बैतडी जाँदै गरेको सु प प्र ०१००१ ख ३९६३ नम्बरको बस शुक्रबार दिउँसो ३:३० बजे बैतडी पाटन नगरपालिका-८ गैराखानमा दुर्घटनामा परेको हो ।

घाइतेमध्ये दुई जनाको अवस्था गम्भीर रहेको जिल्ला प्रहरी कार्यालय बैतडीका प्रवक्ता प्रहरी निरीक्षक भुवन तिमिल्सेनाले जानकारी दिए । घाइतेहरुको उद्धार गरी उपचारका लागि अस्पताल पठाइएको र उनीहरुको पहिचान हुन बाँकी रहेको उनले बताए । बाँकी ४ पेजमा ▸▸

## दमक नगरपालिका दमक झापाको

# हैजा तथा झाडापखालाबाट बच्न जनहितमा जारी सूचना

- उमालेर वा क्लोरिन झोल हालेर शुद्धिकरण गरिएको पानी मात्र पिऔं ।
- खानेपानीलाई सधैं सफा भाँडोमा ढाकेर राखौं ।
- सफा भाडाले मात्र खानेपानी निकालौं ।
- खानेकुरालाई राम्ररी पकाएर मात्र खाऔं । सढेगलेको बासी र झिंगा भन्किएको खानेकुरा नखाने । खानेकुरा सफा भाँडाले ढाकेर राखौं ।
- खाना बनाउनु अघि खानु वा खुवाउनु अघि दिशा-पिसाब गरेपछि वा बालबालिकाको दिसा धोएपछि, फोहोर चलाएपछि घर वा कार्यालय छिर्नु अघि बाहिरी सामान छोएपछि साबुनपानीले कम्तिमा २० सेकेण्डसम्म मिचिमिचि हात धोऔं ।
- साबुनपानी उपलब्ध नभएमा सेनिटाइजर प्रयोग गरौं ।
- दिसापिसाव चर्पीमा मात्र गरौं र बालबालिकाको दिसापिसाबलाई पनि चर्पीमा नै फ्याकौं ।
- झाडापखाला भइहालेमा तुरुन्त पुनर्जलीय घोलिलो प्रशस्त मात्रामा पोसिलो झोलिलो खानेकुरा खाऔं ।
- हैजा तथा झाडापखालाका लक्षणहरु देखिएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।

## भोजपुरमा पक्की पुल

**भोजपुर/** कोशी प्रदेश सरकार अन्तर्गत पूर्वाधार विकास कार्यालय भोजपुरको ६ करोड ३३ लाख लागतमा यहाँ पक्की पुल निर्माण सम्पन्न भएको छ । भोजपुरको उत्तरी क्षेत्रमा पर्ने षडानन्द नगरपालिका र साल्पासिलिछो गाउँपालिकालाई जोड्ने तामुटारमा पक्की पुल निर्माण सम्पन्न भएपछि स्थानीयलाई सहज भएको हो । पक्की पुल नहुँदा वर्खामा खोलामा बाढी आउँदा आवतजावत पूर्ण रूपमा ठप्प हुने गरेको थियो । विशेषगरी बिरामीलाई उपचारका लागि लैजान, गर्भवतीलाई अस्पताल पुर्‍याउन, विद्यार्थीलाई विद्यालय पठाउन तथा दैनिक उपभोग्य सामग्री ओसारपसार गर्न निकै कठिनाइ हुने गरेको थियो । पक्की पुल निर्माण भएपछि दुई स्थानीय तहका नागरिकलाई प्रत्यक्ष लाभ पुगेको स्थानीयवासी तेजबहादुर घलेले बताए । पूर्वाधार विकास कार्यालय भोजपुरका प्रमुख राजनराज रेड्डीले ५० मिटर लम्बाइको पक्की पुल निर्माण सम्पन्न भएको जानकारी दिए ।

# सम्पादकीय

## सरकारका सय दिन

सरकारको सय दिन पुरा भएको छ । कुनै पनि नयाँ सरकारको प्रारम्भिक सय दिनलाई 'हनिमुन पिरियड'का रुपमा हेरिन्छ, जहाँ सरकारका नीति र प्राथमिकताका प्रारम्भिक चित्रहरुको मूल्यांकन हुन्छ । वर्तमान सरकारले आफ्नो स्थापनाको पहिलो सय दिनमै अर्थतन्त्रमा सुधारका प्रारम्भिक संकेतहरु देखिन थालेको दाबी गरेको छ । राजस्व संकलनमा भएको वृद्धि, निजी क्षेत्रमा फर्किएको उत्साह, वैदेशिक लगानीका लागि बन्दै गएको सकारात्मक वातावरण र दातृ निकायको बढ्दो भरोसालाई सरकारले आफ्नो मुख्य उपलब्धिका रुपमा अघि सारेको छ । आर्थिक शिथिलता चिर्न सरकारले लिएको यो अग्रसरता सकारात्मक छ, तर दिगो सुधारका लागि भने अझै धेरै संरचनागत चुनौतीहरु पार गर्न बाँकी नै छ ।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आर्थिक पुनरुत्थानलाई 'मिसन मोड'मा अघि बढाउने घोषणा गर्दै पुराना र अव्यवहारिक कानुनको संशोधन, कर प्रणालीमा सुधार, डिजिटल सेवाको विस्तार र प्रशासनिक खर्च नियन्त्रणलाई प्राथमिकतामा राखेका छन् ।

बजेटका नीति र करका प्रावधानहरु कागजमा जतिसुकै राम्रा भए पनि तिनको बुझाइ र कार्यान्वयन तल्लो तहसम्म पुग्नु उत्तिकै जरुरी हुन्छ । यसै सन्दर्भमा आर्थिक विधेयक २०८३ का नयाँ कर नीति, छुट र सहुलियतबारे व्यवसायीलाई स्पष्ट पार्न भर्खरै दमकमा आयोजित कर शिक्षा तथा अन्तरक्रिया जस्ता कार्यक्रमहरु देशव्यापी रुपमा सञ्चालन हुन आवश्यक छ । यसले राज्य र निजी क्षेत्रबीचको अविश्वासलाई कम गर्न मद्दत पुर्‍याउँछ ।

सरकारले पहिलो सय दिनमा नागरिक सहभागितामा आधारित बजेट निर्माण, ई-पेन्सन प्रणालीको सुरुवात, कर्मचारीलाई १५-१५ दिनमा तलब भुक्तानी, र कर प्रशासनमा डिजिटल रुपान्तरण जस्ता केही जनमुखी र आधुनिक कदमहरु चालेको छ । ३ लाखभन्दा बढी पेन्सनधारीलाई घरबाटै सेवा दिनु र सरकारी इन्धन कटौती गरी मितव्ययिताको नीति अपनाउनु सुशासनका लागि राम्रा थालनी हुन् ।

तर, आन्तरिक प्रयासहरु जतिसुकै बलिया भए पनि बाह्य चुनौतीहरु कम चुनौतीपूर्ण छैनन् । विशेषगरी मध्यपूर्वमा बढ्दो तनावका कारण रेमिट्यान्स प्रवाह, पेट्रोलियम पदार्थको मूल्य र रासायनिक मलको आपूर्तिमा पर्न सक्ने सम्भावित संकटतर्फ सरकार अहिल्यैदेखि सचेत हुनुपर्छ । भन्सार महसुलमा आंशिक छुट दिने सरकारको तयारी तत्कालीन राहत त हुन सक्छ, तर दीर्घकालीन रुपमा बाह्य झट्काहरु धान्न सक्ने आत्मनिर्भर अर्थतन्त्रको जग बसाल्नु नै अहिलेको मुख्य आवश्यकता हो ।

# अनुसन्धानको आधार बन्न सक्छ पूर्वीय दर्शन



**पूर्वीय दर्शनले जीवनका हरेक आयाम र अवस्थाको व्याख्या गरेको मात्र छैन, समस्याको समाधानका आधार पनि तयार पारेको छ । तर अब यसको गहन अध्ययन गरेर शिक्षा र अनुसन्धानमा समावेश गरी उच्च तहमा हुने अनुसन्धानमा सैद्धान्तिक आधार/मार्गचित्र बनाउन जरुरी छ ।**

✍ डा. तेजबहादुर कार्की

आजको वैज्ञानिक युगमा अनुसन्धान भन्नासाथ हाम्रो सोच प्रायः पाश्चात्य सिद्धान्त, प्रयोगशाला, तथ्यांक र परीक्षणयोग्य निष्कर्षमा केन्द्रित हुन्छ । कुनै पनि अनुसन्धान सुरू गर्दा त्यसको सैद्धान्तिक आधारका लागि पश्चिमी विद्वान्का अवधारणा खोज्ने चलन शैक्षिक क्षेत्रमा स्थापित भइसकेको छ । तर, आ ँनै सभ्यता, दर्शन र ज्ञान परम्परालाई अनुसन्धानको आधार बनाउन सकिन्छ भन्ने विषयमा भने पर्याप्त बहस हुन सकेको छैन । परिणामतः हजारौं वर्षदेखि विकसित वैदिक, बौद्ध, जैन, योग तथा उपनिषद्मा आधारित ज्ञान प्रणाली आधुनिक अनुसन्धानको मूल प्रवाहबाट बाहिरै रहँदै आएको छ ।

पूर्वीय दर्शनलाई धेरैले अझै पनि धर्म, आस्था वा पौराणिक परम्पराका रूपमा मात्र बुझ्ने गरेका छन् । वास्तवमा यो मानवीय चेतना, ज्ञान, नैतिकता, जीवन व्यवस्थापन र ब्रह्माण्डीय सत्यको खोजीमा आधारित गहिरो दार्शनिक प्रणाली हो । उपनिषद्, भगवद्गीता, पतञ्जलिको योगसूत्र, गौतम बुद्धका उपदेश, महावीरका शिक्षा तथा अन्य ऋषिमुनिका चिन्तनले मानिस, समाज र प्रकृतिबीचको सम्बन्धलाई सूक्ष्म रूपमा व्याख्या गरेका छन् । त्यसैले यी दर्शनलाई धार्मिक सीमाभित्र मात्र राखेर हेर्नु यसको वास्तविक मूल्यलाई सीमित गर्नु हो ।

नेपालजस्ता पूर्वीय सभ्यताको केन्द्रमा रहेका मुलुकका लागि यो अझ गम्भीर विषय हो । हाम्रा विश्वविद्यालय र अनुसन्धान संस्थामा अधिकांश अध्ययन पश्चिमी सिद्धान्तकै आधारमा भइरहेका छन् । यसले अन्तर्राष्ट्रिय शैक्षिक मापदण्ड पूरा गर्न सहयोग गरेको भए पनि आ ँनै मौलिक ज्ञान प्रणालीलाई भने प्राथमिकतामा राख्न सकेको छैन । यदि पूर्वीय दर्शनलाई वैज्ञानिक ढंगले अध्ययन गरी अनुसन्धानसँग जोड्न सकियो भने यसले नेपालको शैक्षिक क्षेत्रलाई नयाँ दिशा दिनुका साथै विश्व ज्ञानपरम्परामा पनि मौलिक योगदान पुर्‍याउन सक्छ ।

अनुसन्धानको मूल उद्देश्य सत्यको खोजी हो । पूर्वीय दर्शनको केन्द्रमा पनि सत्यको खोजी नै रहेको छ । फरक यति मात्र हो कि आधुनिक अनुसन्धानले बाह्य जगत्को अध्ययनबाट सत्य खोज्छ भने पूर्वीय दर्शनले आत्मज्ञान र आत्मअनुभूतिबाट बाह्य सत्यलाई बुझ्ने मार्ग देखाउँछ । उपनिषद्ले 'आत्मानं विद्धि' अर्थात् 'पहिले आफूलाई चिन' भन्ने शिक्षा दिन्छ । बुद्धले पनि दुःख, त्यसको कारण र समाधानको खोजी व्यक्तिको आत्मबोधबाट सुरू हुने बताएका छन् । यस अर्थमा अनुसन्धान र पूर्वीय दर्शनबीचको सम्बन्ध निकै गहिरो देखिन्छ ।

पूर्वीय दर्शनले सबै वस्तु र जीवन एकअर्कासँग अन्तरसम्बन्धित रहेको मान्यता राख्छ । आधुनिक विज्ञानले पनि वातावरण, समाज, स्वास्थ्य र मानव व्यवहारबीचको अन्तरनिर्भरतालाई स्वीकार गरिसकेको छ । यसैले पूर्वीय दर्शनका अवधारणालाई अनुसन्धानको सैद्धान्तिक आधारका रूपमा विकास गर्न सकिन्छ । यसले अनुसन्धानलाई केवल तथ्य संकलनमा सीमित नराखी मानवीय संवेदना, नैतिकता र दीर्घकालीन सामाजिक प्रभावसँग पनि जोड्न मद्दत गर्छ ।

आजको प्रतिस्पर्धात्मक शिक्षा प्रणाली, तीव्र आधुनिकीकरण र कृत्रिम बुद्धिमत्ताको विस्तारले विद्यार्थी तथा अनुसन्धानकर्तामा मानसिक दबाब बढाएको छ । सफलता प्राप्त गर्ने तीव्र प्रतिस्पर्धाले तनाव, चिन्ता, अवसाद र एकाग्रताको कमी जस्ता समस्या बढाइरहेको छ । भौतिक सुविधामा वृद्धि भए पनि मानसिक शान्ति भने घट्दै गएको अनुभव धेरैले गरिरहेका छन् । यस्तो अवस्थामा पूर्वीय ज्ञान प्रणालीले दिने योग, ध्यान, प्राणायाम र माइन्डफुलनेसजस्ता अभ्यास अत्यन्त उपयोगी हुन सक्छन् ।

विश्वका प्रतिष्ठित विश्वविद्यालय र स्वास्थ्य संस्थाले समेत ध्यान र योगलाई मानसिक स्वास्थ्य सुधारका प्रभावकारी विधिका रूपमा स्वीकार गरिसकेका छन् । नियमित योग र प्राणायामले शरीरको रोग प्रतिरोधात्मक क्षमता बढाउने, मुटुको स्वास्थ्य सुधार गर्ने तथा मानसिक तनाव घटाउने विभिन्न अध्ययनले देखाएका छन् । बुद्धले प्रतिपादन गरेको 'सम्यक स्मृति' अर्थात् माइन्डफुलनेसले अनुसन्धानकर्तालाई लामो समयसम्म एकाग्र भएर काम गर्न, भावनात्मक सन्तुलन कायम राख्न तथा निर्णय क्षमता सुधार गर्न सहयोग पुर्‍याउन सक्छ । यसले अनुसन्धानको गुणस्तरमा समेत सकारात्मक प्रभाव पार्छ ।

पूर्वीय दर्शनमा रहेका धेरै अवधारणालाई आधुनिक अनुसन्धानको सिद्धान्तका रूपमा विकास गर्न सकिन्छ । उदाहरणका लागि गौतम बुद्धद्वारा प्रतिपादित चार आर्य सत्यलाई मानव समस्या, त्यसको कारण, समाधान र समाधानको प्रक्रियालाई विश्लेषण गर्ने सैद्धान्तिक ढाँचाका रूपमा प्रयोग गर्न सकिन्छ । त्यस्तै, बुद्धका त्रिरत्नलाई ज्ञान व्यवस्थापन, नैतिक नेतृत्व र संस्थागत संस्कृतिसँग जोडेर अध्ययन गर्न सकिन्छ । मुण्डकोपनिषद्मा उल्लेख गरिएको 'परा विद्या' र 'अपरा विद्या'को अवधारणाले आध्यात्मिक तथा व्यावहारिक ज्ञानबीचको सम्बन्ध स्पष्ट गर्छ । यी अवधारणाले आधुनिक शिक्षा र अनुसन्धानलाई सन्तुलित दृष्टिकोण दिन सक्छन् ।

पूर्वीय दर्शनले केवल ज्ञान प्राप्त गर्ने तरिका मात्र सिकाउँदैन, ज्ञानको उद्देश्य पनि स्पष्ट पार्छ । यसको लक्ष्य व्यक्तिगत उपलब्धि मात्र नभई समाज, प्रकृति र सम्पूर्ण मानव समुदायको कल्याण हो । यही कारण यसले अनुसन्धानकर्तालाई तथ्य संकलन गर्ने प्राविधिक व्यक्ति मात्र होइन, जिम्मेवार, संवेदनशील र नैतिक चिन्तकका रूपमा विकास गर्न प्रेरित गर्छ ।

नेपालमा पूर्वीय दर्शनको अध्ययन, अनुसन्धान र सिद्धान्तीकरणका लागि पर्याप्त सम्भावना हुँदाहुँदै पनि त्यसअनुसारको प्रयास देखिएको छैन । विश्वविद्यालय, अनुसन्धान परिषद्, नीति निर्माता तथा प्राज्ञिक समुदायले यस विषयमा गम्भीर राष्ट्रिय बहस सुरु गर्न आवश्यक छ । छरिएर रहेका वैदिक, बौद्ध, जैन तथा अन्य दार्शनिक परम्परालाई व्यवस्थित रूपमा अध्ययन गरी आधुनिक अनुसन्धानसँग जोड्न सकियो भने नेपालको बौद्धिक सम्पदा थप समृद्ध हुनेछ । यसले अन्तर्राष्ट्रिय अनुसन्धान समुदायलाई पनि नयाँ वैचारिक आधार प्रदान गर्न सक्छ ।

धर्म/संस्कृति

# यी हुन् हिन्दु धर्मका प्रमुख विशेषता

हिन्दु धर्मको मूल रूप सनातन धर्म वा वैदिक धर्म हो । वैदिक कालमा भारतवर्षको धर्म सनातन भनी उल्लेख गरिएको पाइन्छ । सनातनको अर्थ हुन्छ शाश्वत वा सधैं कायम हुने । जसको न आदि छ, न अन्त त्यसलाई सनातन भनिन्छ । हिन्दु धर्म कति वर्षअघिदेखि प्रचलित थियो भन्ने प्रश्न गर्नु नै बेकार हो किनकि सभ्यताको शुरुवातदेखि नै यो अभ्यासमा थियो । सिन्धु सभ्यतामा हिन्दु धर्मका धेरै चिह्न भेटिन्थे । अज्ञात मातृदेवीका मूर्तिहरु, शिव पशुपति जस्ता देवताका मुद्राहरु, लिंग, पीपलपूजा लगायतका कुरा त्यतिखेर हुने गर्थे ।

प्राचीनकालमा भारतीय सनातन धर्ममा गाणपत्य, शैव, वैष्णव, शाक्त र सौर गरी पाँच सम्प्रदाय विद्यमान थिए । तर मान्यता चाहिँ के थियो भने यी सबै एउटै सत्यका व्याख्या हुन् (एकं सद् विप्राः बहुधा वदन्ति) । प्राचीनतम ग्रन्थ वेददेखि लिएर रामायण र महाभारतजस्ता लोकप्रिय धर्मग्रन्थमा समेत यही कुरा बताइएको छ ।

सनातन धर्मका ग्रन्थहरु देववाणी संस्कृतमा रचिएका हुन् । संस्कृतको ह्रास भएसँगै सनातन धर्ममा आक्रमण हुँदै गयो तर अहिले आएर यो धर्म झन् बलियो हुँदै गइरहेको छ ।

हिन्दु धर्ममा कुनै एक सिद्धान्तको निरंकुशता छैन । धर्मभन्दा पनि महत्वपूर्ण त जीवन जिउने मार्ग हो यो । हिन्दुहरूको कुनै केन्द्रीय सत्ता वा धर्मगुरू छैन जसको आदेश मान्नैपरोस् । यहाँ त अनेकौं मत र सम्प्रदाय छन् र सबैलाई उत्तिकै श्रद्धा गरिन्छ ।

**हिन्दु धर्मका प्रमुख विशेषता यी हुन् :**

- ♦ईश्वर एक, नाम अनेक ।
- ♦ब्रह्म वा परमतत्व सर्वव्यापी छ ।
- ♦ईश्वरसँग डराउने हैन, प्रेम र प्रेरणा लिने हो ।
- ♦हिन्दुत्वको लक्ष्य हो स्वर्ग र नरकभन्दा माथि जाने ।
- ♦हिन्दुहरूमा कुनै एक धर्मदूत छैन ।
- ♦परोपकार पुण्य हो, अरूलाई कष्ट दिनु पाप हो ।
- ♦जीवको सेवा परमात्माको सेवा हो ।
- ♦स्त्री आदरणीय हुन्छन् ।

*सतीको अर्थ पतिप्रति सत्यनिष्ठा, त्यस्तै एकपत्नीव्रत नै हिन्दु धर्मको सही पालन हो ।*
*पर्यावरणको रक्षालाई हिन्दु धर्मले उच्च प्राथमिकता दिएको छ ।*

- ➢ विश्वदृष्टि समतावादी र समन्वयवादी छ ।
- ➢ आत्मा अजर अमर छ ।
- ➢ पर्वहरु खुशीसँग जोडिएका छन् ।
- ➢ हिन्दुत्वको लक्ष्य पुरूषार्थ हो र मध्यमार्ग सर्वोत्तम मार्ग हो ।
- ➢ हिन्दुत्व एकत्वको दर्शन हो ।

**गायत्री मन्त्र सर्वोच्च मानिन्छ :**

*ॐ भूर्भुव स्वः तत् सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात् ॥*

# लागुऔषध कारोबारीमाथि प्रहरीको गोली

लहान । सिरहामा ठूलो परिमाणमा हेरोइनसहित एक भारतीय नागरिक पक्राउ परेका छन्। उनलाई नियन्त्रणमा लिने क्रममा प्रहरीको गोली लागेर घाइते भएका छन्। प्रहरीले उनको साथबाट कटुवा पेस्तोल, दुई राउण्ड गोली र ११५ ग्राम हेरोइन बरामद गरेको जनाएको छ।

लागुऔषध नियन्त्रण ब्यूरोका अनुसार पक्राउ पर्नेमा भारतको बिहार राज्य, मधुवनी जिल्लाका ३५ वर्षीय अब्दुल कलाम रहेका छन्। लागुऔषध कारोबारमा संलग्न रहेको सूचनाका आधारमा परिचालन गरिएको संयुक्त प्रहरी टोलीले उनलाई नियन्त्रणमा लिने प्रयास गर्दा प्रहरीमाथि आक्रमण भएपछि आत्मरक्षाका लागि गोली चलाउनुपरेको ब्यूरोले जनाएको छ।

ब्यूरोका प्रवक्ता प्रहरी उपरीक्षक (एसपी) दुर्गाराज रेग्मीका अनुसार कलामसहित ४-५ जनाको समूहलाई नियन्त्रणमा लिन खोज्दा उनीहरूले प्रहरीमाथि प्रतिरोध गरेका थिए। त्यसक्रममा परिस्थितिलाई नियन्त्रणमा लिन प्रहरीले एक राउण्ड गोली प्रहार गरेको र गोली कलामको खुट्टामा लागेको थियो। घाइते अवस्थामा उनलाई नियन्त्रणमा लिएर उपचारका लागि अस्पताल पठाइएको प्रहरीले जनाएको छ।

प्रहरीले घटनास्थलबाट बरामद भएको हेरोइन, पेस्तोल र गोली नियन्त्रणमा लिएर घटनाबारे थप अनुसन्धान अघि बढाएको छ। अन्य संलग्न व्यक्तिको खोजीसमेत जारी रहेको प्रहरी स्रोतले जनाएको छ।

यसैबीच, सिरहामै भएको अर्को कारबाहीमा प्रहरीले दुई जनालाई खैरो हेरोइनसहित पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार असार १८ गते राति लहान नगरपालिका-१२ जटियाही टोलमा लागूऔषध सेवन तथा कारोबार भइरहेको भन्ने गोप्य सूचनाका आधारमा इलाका प्रहरी कार्यालय लहानबाट खटिएको प्रहरी टोलीले छापा मारेको थियो।

प्रहरीले स्थानीय २७ वर्षीय विजयकुमार सदायको घरमा खानतलासी गर्दा कालो प्लास्टिकमा लुकाइराखिएको २.४ ग्राम खैरो हेरोइन फेला पारेको जनाएको छ। सोही घटनामा विजयकुमार सदाय र सोही स्थानका २७ वर्षीय वृजेश चौधरीलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी नायब उपरीक्षक (डीएसपी) रमेशबहादुर पालका अनुसार पक्राउ परेका दुवै जनाविरूद्ध लागूऔषध सम्बन्धी कसुरमा इलाका प्रहरी कार्यालय लहानबाट थप अनुसन्धान भइरहेको छ।


अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा
बजारमा
झापाली इटा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

मनकामना डेन्टल केयर
विशेष अफरका साथ
यहाँ आधुनिक प्रविधिबाट दाँत र मुख सम्बन्धी सम्पूर्ण उपचार विशेष छुटका साथ गरिन्छ ।
Dr. Nabin Kant Chaudhary
Consultant Oral & Dental Surgeon
BDS Bangladesh (RU) NMC No.: 19332
दमक-६, थानारोड (झापा)
Call : 9819041615/9810315415

पानासोनिक
इलेक्ट्रोनिक्स वर्ल्ड,
दमक-८, झापा
विगत दुई दशक अगाडीदेखि तपाईहरुको सेवामा समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

गंगा ट्राभल्स एण्ड टुर्स
हाम्रा सेवाहरु:
➢ राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
➢ भारतका लागि रेल, बसको टिकट
➢ बैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
➢ टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा
Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available
Are you going to India ?
Special Pre Purchase fare for India
Indigo, Spice Jet, Air Asia, Vistara, Akasa air
बागडोगराबाट दिल्ली, कोलकाता, मुम्बई, अहमदाबाद,
बागडोगरा
गंगा ट्राभल्स एण्ड टुर्स
दमक-५, बेलडाँगी रोड, डिम्याक्स् सिनेमा अगाडी, ओम शान्ति डेन्टल हस्पिटलसँगै फोन:०२३-५७५३११/९८४२६४५१३६/९८१४९८५७२०

# असारमा दोब्बर बढ्यो पुँजीगत खर्च




दमक/ चालु आर्थिक वर्षमा पुँजीगत बजेट खर्च गर्न नसकेर आलोचित बनेको सरकारले वर्षको अन्तिम महिना असार सुरु भएपछि खर्च बढाउन लागिपरेको छ ।

चालु वर्षको बजेटमा पुँजीगत शीर्षकमा ४ खर्ब ७ अर्ब रूपैयाँ विनियोजन भएको छ । सरकारी लेखा राख्ने जिम्मेवारी पाएको महालेखा नियन्त्रक कार्यालयका अनुसार साउनदेखि जेठसम्मका ११ महिनामा सुरूका १५ दिन (१-१५ गतेसम्म) पुँजीगत बजेट जति खर्च भएको छ, त्यसको तुलनामा असारका १५ दिनमा दोब्बरले बढेको हो ।

साउनदेखि जेठसम्मका ११ महिनाको सुरू १५ दिनमा औसत ५ अर्ब ४५ करोड रूपैयाँका दरले पुँजीगत बजेट खर्च भएको छ । तर, असारका १५ दिनमा भने यस्तो खर्च १० अर्ब ७१ करोड रूपैयाँ पुगेको छ । यो पछिल्ला ११ महिनाको औसत खर्चका तुलनामा झण्डै दोब्बरले बढी हो ।

यस्तै, पछिल्ला तीन महिना चैत, वैशाख र जेठका तुलनामा पनि असारको खर्च आकासिएको छ । चैतका तुलनामा ७१, वैशाखका तुलनामा २५ र जेठका तुलनामा ३४ प्रतिशतले असारको खर्च बढेको देखिन्छ ।

वर्षका सुरूका महिनामा पुँजीगत बजेट खर्च नहुने हाम्रो रोग नै बनेको छ । जुनसुकै राजनीतिक दलको सरकार बने पनि वर्षका अन्तिम चार महिनाअघि पुँजीगत खर्च न्यून हुने परम्परा बसेको छ । अल्पमत वा प्रचण्ड बहुमतको सरकार बन्दा पनि यो परम्परा अहिलेसम्म भत्केको छैन । सरकारमा पुग्ने सबै दलहरूले भने साउनदेखि नै खर्च बढाउने भन्न छोडेका छैनन् । बजेट सार्वजनिक गर्ने सबै अर्थमन्त्रीले पुँजीगत बजेट साउनदेखि नै खर्च गर्ने व्यवस्था मिलाएको भन्न छुटाएको देखिँदैन । पुँजीगत खर्च भने सामान्यतया वर्षका तीन-चार महिनामा धेरै हुने गरेको छ । त्यसमा पनि करिब एक तिहाइ पुँजीगत बजेट असारमा मात्र खर्च हुन्छ ।

महालेखाका अनुसार चालु वर्ष साउनको सुरूका १५ दिन (एकदेखि १५ सम्म) मा पुँजीगत बजेट खर्च १३ करोडमात्र भएको थियो । भदौका १५ दिनमा यस्तो खर्च २ अर्ब ९५ करोड भएको थियो भने असोजमा १० अर्ब ९ करोड हुन पुगेको थियो । असोजमा सरकारले निर्माण व्यवसायीलाई अघिल्लो वर्षको बक्यौता भुक्तानी गरेकाले खर्च धेरै देखिएको हो ।

कात्तिकको सुरूका १५ दिनमा एक अर्ब २७ करोड र मंसिरका १५ दिनमा २ अर्ब ३८ करोड पुँजीगत खर्च भएको छ । यस्तै, मंसिरका तुलनामा पुसको १५ दिनमा पुँजीगत खर्च दोब्बरभन्दा धेरैले बढेको छ । पुसमा ५ अर्ब ७६ करोड पुँजीगत खर्च भएको हो ।

यस्तै माघ, फागुन, चैत, वैशाख र जेठका सुरूका १५ दिनमा पुँजीगत खर्च क्रमशः बढ्दै आएको छ । कुनै महिना सामान्य रूपमा खर्च घटे पनि बढ्ने प्रवृत्ति रोकिएको छैन । महालेखाका अनुसार माघका १५ दिनमा ४ अर्ब ९७ करोड र फागुनमा ९ अर्ब ६६ करोड पुँजीगत खर्च भएको छ । चैतमा सामान्य रूपमा घटेर खर्च ६ अर्ब २६ करोडमा झरेको छ । यस्तै, वैशाख र जेठका सुरूका १५ दिनमा पुँजीगत बजेट खर्च क्रमशः ८ अर्ब ५२ करोड र ७ अर्ब ९९ करोड भएको छ । असारका १५ दिनमा भने १० अर्ब ७१ करोड खर्च भएको हो । खासमा वर्षका सुरू महिनाहरूमा पुँजीगत बजेट खर्च बढाउन सरकारले ध्यान दिँदैन । अर्थ मन्त्रालयले पनि सकेसम्म बजेट खर्चमा लगाम लगाउने गर्छ । असारमा आउँदासम्म वार्षिक लक्ष्यको ३५ प्रतिशत हाराहारी मात्र पुँजीगत खर्च भएपछि सरकार दबाबमा पर्ने गरेको छ । यसले असारमा अन्धाधुन्ध खर्च गरेर वार्षिक लक्ष्यलाई ६० देखि ७० प्रतिशतसम्म तान्ने गरिँदै आएको छ ।

# बर्डफ्लु सङ्क्रमित कुखुरा बिक्री गरे कारबाही

**दमक**/ झापा, मोरङ, सुनसरीलगायत तराइका जिल्लामा पन्छीमा खेखापर्ने बर्डफ्लुको संक्रमण बढ्दै गएको छ। सङ्क्रमित पन्छी बजारमा बिक्री गरेको पाइए कानुनबमोजिम कडा कारबाही गरिने विभागले चेतावनी दिएको छ। पशुसेवा विभागले बर्डफ्लु सङ्क्रमण भएका कुखुरा, हाँस, बट्टाइलगायत पन्छी बिक्री-वितरण नगर्न व्यवसायीलाई निर्देशन दिएको छ। विभागका प्रवक्ता डा. मुकुल उपाध्यायले आमनागरिकको स्वास्थ्यसँग खेलवाड नगर्न आग्रह गर्दै बर्डफ्लु पुष्टि भएका पन्छी वा तिनका उत्पादन बिक्री-वितरण गर्नेलाई कारबाहीको दायरामा ल्याइने बताए।

उनका अनुसार गत चैतदेखि देशका ११ जिल्लामा फैलिएको बर्डफ्लु भाइरसले स्वरूप परिवर्तन गर्न सक्ने जोखिम रहेकाले उच्च सतर्कता अपनाइएको छ। रोगको थप फैलावट रोक्न काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, झापा, मोरङ, सुनसरी, महोत्तरी, बारा, चितवन र नवलपरासीमा प्राविधिक टोली परिचालन गरिएको छ। विभागले प्रभावित जिल्लामा 'र्यापिड रेस्पोन्स टिम' परिचालन गरी सङ्क्रमण नियन्त्रणको काम भइरहेको जनाएको छ। केही जिल्लामा रोग नियन्त्रणको चरणमा पुगेको विभागको भनाइ छ।

मरेका कुखुरा जथाभावी फाल्दा वा सङ्क्रमित पन्छी नष्ट गर्दा पनि मानिसमा सङ्क्रमण सर्न सक्ने जोखिम रहने भएकाले विशेष सावधानी अपनाउन विभागले आग्रह गरेको छ। विभागका अनुसार बर्डफ्लु पुष्टि भएका ११ जिल्लामा हालसम्म करिब सात लाख पन्छी, ११ लाख अण्डा र तीन लाख किलो दाना नष्ट गरिएको छ।

विभागका अनुसार प्रभावित क्षेत्रका जिल्ला प्रशासन कार्यालयमार्फत नष्ट गरिएका पन्छीको मूल्यांकन तथा मुचुल्का उठाउने काम भइरहेको छ। त्यसका आधारमा प्रभावित किसानलाई क्षतिपूर्ति उपलब्ध गराउन आवश्यक विवरण संकलन भइरहेको जनाइएको छ। बर्डफ्लुविरुद्ध प्रभावकारी खोप उपलब्ध नभएकाले सङ्क्रमण पुष्टि हुनासाथ पन्छी तथा पन्छीजन्य उत्पादन नष्ट गर्नु नै रोग नियन्त्रणको प्रभावकारी उपाय रहेको उनले बताए।

## स्वास्थ्य

# बच्चालाई टन्सिल किन हुन्छ



**दमक**/ टन्सिल घाँटीको दुवै छेउमा रहेका साना टिस्यु हुन्, जसले शरीरलाई संक्रमणबाट जोगाउन महत्वपूर्ण भूमिका खेल्छन् । तर, कहिलेकाहिँ बढी अमिलो, पिरो, चिसो खानेकुराले पनि टन्सिल बढ्नसक्छ। विशेष गरी रुघाखोकी लागेको छ भने त्यस्तो बेला टन्सिल बढ्न सक्छ। यसबाट जोगिने उपाय भनेकै अधिक चिसो र खानपानमा ध्यान दिनु नै हो। केही व्यक्तिहरूमा बारम्बार टन्सिल सुन्निने वा संक्रमण हुने समस्या देखिन्छ। यसका कारण घाँटी दुख्ने, ज्वरो आउने तथा खाना निल्न कठिन हुनेजस्ता समस्या आउँछन्। यस्तो अवस्थामा धेरैको मनमा टन्सिल हटाउने शल्यक्रिया गर्नुपर्छ कि पर्दैन भन्ने प्रश्न उठ्ने गर्छ।

धेरैजसो अवस्थामा औषधि र पर्याप्त आरामले टन्सिलको समस्या निको हुन्छ। तर, संक्रमण बारम्बार दोहोरिन थाले र त्यसले दैनिक जीवनमा असर पार्न थाले चिकित्सकले टन्सिल हटाउने शल्यक्रिया (टन्सिलेक्टोमी) को सिफारिस गर्न सक्छन्। यदि एक वर्षमा धेरै पटक टन्सिलाइटिस हुने वा लगातार केही वर्षसम्म बारम्बार संक्रमण भइरहने समस्या देखिए शल्यक्रियाबारे विचार गर्न सकिन्छ। यदि तपाईं वा तपाईंको बालबालिकालाई बारम्बार टन्सिलको समस्या भइरहेको छ भने ईएनटी ( नाक, कान, घाँटी) विशेषज्ञसँग परामर्श लिनु उपयुक्त हुन्छ। समयमै जाँच र उपचार गराउँदा जटिलताबाट बच्न सकिन्छ र आवश्यक परे शल्यक्रियाबारे उचित निर्णय लिन सहज हुन्छ।

## रोचक जानकारी

# सुत्ने कोठामा गर्नु नहुने ६ गल्ती

वास्तशास्त्र प्राचीन विज्ञान हो । वास्तुको अर्थ हुन्छ आवासगृह अर्थात् घर र शास्त्रको अर्थ हुन्छ अनुशासन र निर्देश । यसर्थ वास्तुशास्त्र भन्नाले घर वा कुनै संरचना कसरी निर्माण गर्ने भन्ने कुराको निर्देशलाई बुझिन्छ । वास्तुशास्त्रलाई हिन्दु शास्त्र र आधुनिक विज्ञानले पनि विश्वासिलो आधार मान्ने गर्छ । वास्तुशास्त्रलाई आधुनिक समयको विज्ञान र आर्किटेक्चरको प्राचीन स्वरूप मान्न सकिन्छ ।

दाम्पत्य जीवनलाई सुखमय बनाउनको लागी धेरै कुरामा ध्यान दिनुपर्छ । जसमध्ये सुत्ने कोठा महत्वपूर्ण मानिन्छ । सुत्ने कोठमा यी ६ गल्तीहरू भुलेर पनि कहिल्यै नगर्नुहोस् । यी गल्तीले त्यस कोठामा सुत्ने मानिसहरू वीच अविश्वास पैदा गरिदिन्छन् । वास्तुशास्त्र अनुसार सुत्ने कोठामा यी ६ गल्तीहरू भुलेर पनि कहिल्यै नगर्नुहोस् ।

*१. घरमा आएका पाहुनाहरूलाई अतिथी गृह वा ड्राईङ रूममा नै राख्नुपर्छ । सबै मानिसहरूलाई आˆनो सुत्ने कोठमा ल्याउनु राम्रो हुँदैन ।*

*२. प्रायः मनिसहरूलाई आफ्नै कोठामा वास बेसीन लगाउन मनपर्छ । तर यस्तो गर्नाले पति पत्नी वीच विश्वास कम हुदै जाछ । यदि तपाईको कोठामा पनि वास बेसीन खुला छ भने त्यसलाई पर्दाले छोप्नुहोस् ।*

*३. सुत्ने कोठामा बेड देखिने गरि सिसा नलगाउनुहोस् । यस्तो गर्नु निकै नराम्रो मानिन्छ । जसले गर्दा पति पत्नी वीचको शान्ती भंग हुन्छ ।*

*४. सुत्ने कोठामा कहिल्यै पनि काडेदार विरूवा वा फूलहरू नराख्नुहोस् ।*

*५. बेडमुनी जुत्ता चप्पलहरू कहिल्यै पनि नराख्नुहोस् । यस्तो गर्नाले त्यो बेडमा सुत्नेहरूको दुर्भाग्य बढ्छ ।*

*६. बिजुलीका उपकारणहरू कहिल्यै पनि बेडमुनी राख्नुहुदैन । यी सामानहरू बेडमुनी राख्नाले त्यो बेडमा सुत्नेहरूको झगडा भईरहन्छ ।*

## विश्वकप विशेष

# स्विट्जरल्यान्ड विश्वकपको अन्तिम १६ मा



**दमक**/ अल्जेरियालाई २-० ले पराजित गर्दै स्विट्जरल्यान्ड फिफा विश्वकपको अन्तिम १६ मा प्रवेश गरेको छ । अन्तिम ३२ को नकआउट भिडन्तमा स्विट्जरल्यान्डले खेलको दुवै हाफमा उत्कृष्ट प्रदर्शन गर्दै जित निकालेको हो । खेलको १० औँ मिनेटमै जे डब्लू मान्जाम्बीको पासमा एम्बोलोले गोल गर्दै स्विट्जरल्यान्डलाई सुरूवाती अग्रता दिलाएका थिए । पहिलो हाफमा १-० को स्थिति रहेको खेलको दोस्रो हाफ सुरू हुनासाथ ४६ औँ मिनेटमा डान न्डोएले गोल गरेपछि स्विट्जरल्यान्डले आफ्नो अग्रता दोब्बर बनायो । खेलको अन्तिम समयतिर स्विट्जरल्यान्डले अग्रता अझ फराकिलो बनाउने थुप्रै अवसर पाएको थियो । एम्बोलोले व्यक्तिगत तेस्रो गोलका लागि गरेको प्रहार पोस्टभन्दा माथि र बाहिर जाँदा उनी चुकेका थिए ।

त्यसको केही बेरमै फाबियन रिडरले खेलको सबैभन्दा सजिलो र सुनौलो अवसर गुमाए । उपलव्ध भएको लो क्रसलाई पोलको ठीक अगाडि रहेका रिडरले सहजै गोल गर्नुपर्नेमा अल्जेरियन गोलकिपर लुका जिदानतर्फ प्रहार गरेपछि खेल २-० मै टुङ्गिएको थियो । अल्जेरियाले पहिलो हाफमा केही सुधारेको खेल प्रदर्शन गरे पनि फिनिसिङ लाइनमा लगातार चुक्नु र दोस्रो हाफको सुरूमै गोल खानु उसको हारको मुख्य कारण बन्यो । यो जितसँगै स्विट्जरल्यान्डले विश्वकपको अर्को चरणको यात्रा तय गरेको छ ।

अब अन्तिम १६ मा स्विट्जरल्यान्डले कोलम्बिया र घाटामध्ये एक देशसँग प्रतिस्पर्धा गर्नेछ । अल्जेरिया भने विश्वकपबाट बाहिरिएको छ ।

## मनोरञ्जन

# स्कुल र कलेजका दर्शक फकाउँदै 'हली' युनिट



**दमक**/ ओम प्रतीकको लेखन तथा निर्देशनमा निर्माण भएको फिल्म 'हली' मा प्रमोद दीप, सुजाता थापा, सरोज खनाल, अरूणा कार्की, अर्जुन गुरूङ, विद्या कार्की, नवीन श्रेष्ठ, कञ्चन दुलाल, कमल गाउँले, विशाल पहाडीका साथै स्वयम् निर्देशक ओम प्रतीकले अभिनय छ ।

यही साउन २२ गतेबाट प्रदर्शनमा आउन लागेको चलचित्र 'हली'का कलाकार प्रमोद दीप, अभिनेत्री सुजाता थापा, विद्या कार्की, सङ्गीतकार बाबुल गिरी तथा निर्माताद्वय पूजा गुरूङ र जस्मिन श्रेष्ठ अहिले प्रचार प्रसारमा व्यस्त छन् ।

फिल्मको विशेष गीतमा चर्चित कलाकारहरु दीपाश्री निरौला, किरण केसी, दिलीप रायमाझी, प्रियंका कार्की र पूजा शर्मालाई पनि देख्न सकिन्छ । उक्त गीतको कोरियोग्राफी कविराज गहतराजले गरेका हुन् भने चलचित्रका अन्य गीतहरूको कोरियोग्राफी निर्देशक ओम प्रतीक र कविराज गहतराजले संयुक्त रूपमा गरेका छन् । फिल्ममा सुरू देखिनै दर्शक अभाव हुन नदिन र विद्यार्थीलाई पनि हलसम्म तान्न उनीहरु स्कुल तथा कलेजमा फिल्म प्रचारमा पुगेका हुन् । फिल्मले किसानको अलवा युवाको कथा उठाएकोले स्कुल कलेजमा पनि प्रचार प्रसार गरिएको निर्माता पूजा गुरूङले बताइन् ।

जापुरा फिल्मस् प्रोडक्सन र शुभ चिरायु फिल्मस्को सहकार्यमा निर्माण भएको यस फिल्ममा देशमा परिवर्तन ल्याउनका लागि एक जना 'हली' नै काफी हुन्छ भन्ने बलियो सन्देश बोकेको छ ।

## दैनिक राशिफल

आज मिति
२०८३ साल
असार २० गते
शनिबार
4 July, 2026
तिथि:चतुर्थी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | सामाजिक कार्यबाट सम्मान र प्रतिष्ठा प्राप्त हुनेछ । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | आर्थिक पक्ष सुदृढ रहने, व्यापारमा लाभदायक परिणामहरु देखिनेछन्। |
| मिथुन | का कि कु घ ङ छ के को हा | दाजुभाइ तथा जीवनसाथीको सहयोग प्राप्त हुनेछ। |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | पारिवारिक वातावरण मेलमिलापपूर्ण रहनेछ। |
| सिंह | मा मि मु मे मो टा टि टु टे | अध्ययनमा कमजोरी देखिन सक्छ, सावधानी अपनाउनु उचित हुनेछ। |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | कार्य सम्पादनमा सहजता, व्यापार तथा आर्थिक क्षेत्रमा सुधार । |
| तुला | रा री रु रे रो ता ती तु ते | मध्यमा केही उतारचढाव आए पनि अन्त्यतिर आम्दानीमा वृद्धि हुनेछ। |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | पारिवारिक जीवन र प्रेम सम्बन्ध सन्तुलित रहनेछ। |
| धनु | य यो भा भी भ धा फा ढ भे | दिन केही चुनौतीपूर्ण देखिन्छन्। आफन्तजनबाट सहयोग । |
| मकर | भो जा जी खि खू खे खो गा गी | बौद्धिक र सिर्जनात्मक क्षमताको कदर हुनेछ। |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | व्यापार विशेषतः कृषि तथा पशुजन्य क्षेत्रमा लाभ मिल्नेछ। |
| मीन | दि दु थ झ ञ दे दो चा ची | नोकरीपेशामा सफलता मिल्ने सम्भावना छ। सन्तान पक्षबाट सुख |

# पर्यटकीय गन्तव्यलाई जोड्दै पदयात्रामार्फत पर्यटन

**दमक/** पूर्वमा पदमार्ग क्षेत्र प्राकृतिक दृष्टिले पनि निकै महत्वपूर्ण मानिन्छ । कोशी प्रदेशका पाँचथर र इलामका विभिन्न पर्यटकीय गन्तव्यलाई जोड्दै पदयात्रामार्फत पर्यटन प्रवर्धन गर्ने उद्देश्यले सुरू गरिएको फाल्गुनन्द पदमार्ग निर्माणको कामले गति लिएको छ ।

फिदिम नगरपालिका-१ बाट सुरू हुने पदमार्ग फिदिम नगरपालिका-२, ३ र १४ तथा फाल्गुनन्द गाउँपालिका-३ हुँदै इलाम नगरपालिका र सन्दकपुर गाउँपालिका पार गरेर सन्दकपुर क्षेत्रमा पुगेर टुङ्गिन्छ । ६१ किलोमिटर लामो यो पदमार्ग निर्माणलाई बहुपक्षीय साझेदारीको नमुना परियोजनाका रूपमा समेत हेरिएको छ ।

स्विस सरकारको सहयोगमा हेल्भेटास नेपालमार्फत सञ्चालित ट्रेल टुरिजम डेभलपमेन्ट प्रोजेक्टको ५१ प्रतिशत लगानी रहेको यस योजनामा स्थानीय तह र प्रदेश सरकारको समान २२/२२ प्रतिशत तथा संघीय सरकारको पाँच प्रतिशत लगानी रहेको छ । सन् २०२८ सम्म परियोजना पूर्ण रूपमा सम्पन्न गर्ने लक्ष्य राखिएको छ । परियोजनाका प्राविधिक विकास न्यौपानेका अनुसार हालसम्म करिब ५० प्रतिशत भौतिक प्रगति सम्पन्न भइसकेको छ ।

पदमार्गले धार्मिक तथा सांस्कृतिक पर्यटनलाई पनि विशेष महत्व दिएको छ । किरात धर्मका महागुरू तथा १६ औं राष्ट्रिय विभूति फाल्गुनन्द लिङ्देनसँग सम्बन्धित ऐतिहासिक र धार्मिक स्थल यही मार्गमा पर्छन् । महागुरूको समाधिस्थल सिलौटी तथा धार्मिक महत्व बोकेको लभ्रेकुटी यस पदमार्गका प्रमुख आकर्षण हुन् । मार्गआसपासका क्षेत्रमा लिम्बू र राई समुदायको मौलिक संस्कृति झल्काउने पोखरी, पाटी तथा चौतारा निर्माण गरिएका छन्, जसले यात्रुलाई स्थानीय जीवनशैलीसँग नजिकबाट परिचित गराउँछन् ।

पदमार्ग क्षेत्र प्राकृतिक दृष्टिले पनि निकै महत्वपूर्ण मानिन्छ । रेड पान्डा (हाब्रे), मृग र भालु जस्ता वन्यजन्तुको वासस्थानका रूपमा परिचित यस क्षेत्रमा चौरी र याकका बथान देख्न सकिन्छ । जैविक विविधताले भरिपूर्ण वनजंगल, खुला घाँसे मैदान र हिमाली वातावरणले पदयात्रालाई थप आकर्षक बनाएको छ ।

सुकेपोखरी क्षेत्रका स्थानीय समुदायले सञ्चालन गरेको होमस्टेले पर्यटकलाई स्थानीय खानाका परिकार चखाउने अवसर प्रदान गरिरहेका छन । रैथाने आलु, मकै, गाईको शुद्ध मही तथा कोदोबाट बनाइने परम्परागत तोङ्बा जस्ता परिकार पर्यटकको रोजाइमा पर्न थालेका छन् ।

यसले स्थानीय उत्पादनको बजारीकरणसँगै ग्रामीण अर्थतन्त्रमा समेत सकारात्मक प्रभाव पार्न थालेको छ । वसन्त ऋतुमा चैत वैशाखतिर पदमार्गआसपासका वनक्षेत्रमा ढकमक्क फुल्ने लालीगुराँसले वातावरणलाई अझ मनमोहक बनाउँछ । लोहाकिलडाँडाबाट देखिने सूर्योदय र आसपासका प्राकृतिक दृश्यले आगन्तुकलाई विशेष आकर्षित गर्ने फिदिम नगरपालिका-३ का वडाध्यक्ष नरेन्द्र गुरूङले बताउनुभयो । पदमार्ग निर्माण सम्पन्न भएपछि फिदिमदेखि चाररातेसम्म चार दिनको पदयात्रा प्याकेज सञ्चालन गर्न सकिने अपेक्षा पर्यटन व्यवसायीको छ ।

यद्यपि बिखे भन्ज्याङदेखि छिन्तापुसम्मको केही खण्ड अझै चुनौतीपूर्ण रहेको छ । घना जंगल, चट्टानी भिर तथा साँघुरो गोरेटो बाटो भएका कारण उक्त क्षेत्रलाई थप सुरक्षित र व्यवस्थित बनाउने काम आगामी आर्थिक वर्षभित्र सम्पन्न गर्ने योजना रहेको परियोजनाले जनाएको छ ।

दुर्गम क्षेत्रमा सञ्चार तथा इन्टरनेटसेवाको विस्तार गर्न सकिए पदमार्गले अन्तर्राष्ट्रिय पर्यटकसमेत आकर्षित गर्ने चाररातेका पर्यटन व्यवसायी डिल्ली केरूङ बताउनुहुन्छ । सन्दकपुर र आहाल क्षेत्रबाट सगरमाथा, कञ्चनजङ्घा र मकालु हिमशृत्तलाको मनोरम दृश्य अवलोकन गर्न सकिने भएकाले भविष्यमा यो पदमार्ग कोशी प्रदेशको पर्यटन विकासमा महत्वपूर्ण आधार बन्न सक्ने विश्वास गरिएको छ ।

***दुर्घटनामा....*** घाइतेहरूको प्रहरी र स्थानीयले उद्धार गरी उपचारका लागि डडेल्धुरा अस्पताल पठाइएका छन् । बस सडकबाट अन्दाजी १०० मिटर तल खसेको छ । दुर्घटनाको कारण खुल्न बाँकी रहेको जिल्ला प्रहरी कार्यालय बैतडीले जनाएको छ ।

***सरकार....*** नागरिक समाजका अगुवा र विश्लेषकहरूले नजिकबाट नियालिरहेको उल्लेख गर्दै लामिछानेले सय दिन पूरा भएपछि आउने रचनात्मक प्रतिक्रिया र आलोचनाको अध्ययन गरिने बताए । नागरिक समाज र
सञ्चार माध्यमले औंल्याएका कमी-कमजोरीहरूलाई सरकारले सुझावका रूपमा ग्रहण गर्ने र आगामी दिनमा अझ परिपक्व ढङ्गले अगाडि बढ्ने उनले प्रतिबद्धता जनाए ।

समग्रमा नागरिकका समस्या सम्बोधन गर्ने र सुशासनको जग बसाल्ने सवालमा सरकारको सुरुवाती सय दिन सफल रहेको निष्कर्ष निकाल्दै उनले थप समीक्षा भने बाहिर आउने प्रतिक्रियाहरू हेरेपछि गरिने बताएका छन् ।

***इतर...*** बन्दै गएको बताएका हुन् । उनले डिजिटल सदस्यता अद्यावधिकको विषयलाई इगोको रूपमा नलिएको बताएका छन् । 'हामी डिजिटल अद्यावधिक लाई इगोको रूपमा लिएको छैनौं, गर्छौं । तर गगन थापाले महामन्त्री हुँदा टुंग्याएको सदस्य सबैको सहभागिता सुनिश्चितता हुनुपर्छ ।' उनले भने ।

***विद्यार्थी...*** जुनियर डिभिजन र कक्षा ११ र १२ मा अध्ययनरत १६ देखि २१ वर्ष उमेरका विद्यार्थीलाई सिनियर डिभिजनमा बाँडिनेछ ।

तालिम दुई चरणमा सञ्चालन हुने पनि विधेयकमा उल्लेख छ । पहिलो चरण विद्यार्थी अध्ययनरत विद्यालयमै र दोस्रो चरण सेवा दलको शिक्षालयमा हुनेछ । तालिम पूरा गरेका विद्यार्थीहरूलाई सार्वजनिक सेवा, पूर्वाधार विकास, विपद् व्यवस्थापन, महामारी नियन्त्रण र पर्यावरण संरक्षण जस्ता क्षेत्रमा स्वयंसेवकका रूपमा परिचालन गरिने विधेयकमा उल्लेख छ । राष्ट्रिय आवश्यकताको समयमा आम नागरिकलाई तालिम दिन सकिने व्यवस्था पनि विधेयकमा प्रस्ताव गरिएको छ । विधेयकको दफा १८ मा उल्लेख भए अनुसार, नेपाल सरकारले आवश्यक देखेमा राष्ट्रिय आवश्यकताको आधारमा जुनसुकै नेपाली नागरिक वा संस्थालाई समेत सेवा दलले तालिम दिन सक्नेछ र उनीहरूलाई राष्ट्र सेवामा खटाउन सक्नेछ । सरकारले राष्ट्रिय सेवा दललाई समयसापेक्ष परिमार्जन गर्न र नागरिकलाई राष्ट्रको सेवामा तत्पर बनाउन भन्दै 'राष्ट्रिय सेवा दलसम्बन्धी विधेयक, २०८३' संघीय संसदमा दर्ता गरेको हो । कार्यान्वयनको अवस्थामा नरहेको विद्यमान राष्ट्रिय सेवा दल ऐन, २०२७ लाई प्रतिस्थापन गर्दै नेपालको संविधानको भावना र संघीय संरचना अनुरूप नयाँ व्यवस्था गर्न यो विधेयक ल्याइएको हो ।

प्रधानमन्त्री एवं रक्षा मन्त्री बालेन्द्र शाहद्वारा प्रस्तुत गरिएको यस विधेयकको मुख्य उद्देश्य विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमा देशप्रेम, जनसेवा र राष्ट्रिय एकताको भावना जगाउनु रहेको विधेयकमा उल्लेख छ । संविधानको धारा ५१ को खण्ड (क) मा उल्लेखित राष्ट्रिय सुरक्षा नीति अनुसार नागरिकलाई राष्ट्रको सेवा गर्न सक्षम बनाउने लक्ष्य यसले लिएको छ । ५६ वर्ष पुरानो ऐनले वर्तमान आवश्यकता र संरचनालाई सम्बोधन गर्न नसक्ने भएकाले नयाँ कानुनको तर्जुमा गरिएको विधेयकको 'उद्देश्य र कारण' मा उल्लेख छ ।

**Log on गर्नुहोस्**
**purbasandesh.com**
**EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्**

# बस दुर्घटना हुँदा ४० जनाको मृत्यु

**एजेन्सी/** पाकिस्तानमा बस दुर्घटना हुँदा ४० जनाको मृत्यु भएको खवर छ। पश्चिमी पाकिस्तानमा शुक्रबार एउटा यात्रुबहाक बस सडकबाट झरेर २० मिटर भन्दा तल खोलामा खसेर दुर्घटना हुँदा, कम्तिमा ४० जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन् ।

क्वेटाबाट पेशावर जाँदै गरेको यात्रु वहाक बस पाहाडी दाना सार क्षेत्रको गहिरो खोलामा खस्दा ४० जनाको मृत्यु भएको र अन्य ११ जना घाइते भएको पुष्टि भएको झोब जिल्लाको आपतकालीन केन्द्रका प्रमुख सनाउल्लाह सेरानीले बताएका छन् । दुर्घटनामा घाइते भएका यात्रुहरूलाई अस्पताल लगिएको बताउँदै तीमध्ये तीन जनाको अवस्था गम्भीर रहेको सेरानीले बताए । बस करिब २१ देखि २४ मिटर खोलामा तल खसेर दुर्घटना भएको सेरानीले बताएका छन् ।

दुर्गम पहाडी क्षेत्रमा दुर्घटना भएको कारण, उद्धारमा कठिनाइहरूको सामना गर्नुपरेको उनले बताए । बलुचिस्तानको दक्षिणपश्चिमी प्रान्तका मुख्यमन्त्रीका प्रवक्ता शाहिद रिन्दले बस प्रान्तीय राजधानी क्वेटाबाट उत्तर-पश्चिमी खैबर पख्तुनख्वा प्रान्तको पेशावर सहरतर्फ गइरहेको अवस्थामा दुर्घटनामा परेको पुष्टि गरे ।

# नाटोप्रति ट्रम्पको असन्तुष्टि

एजेन्सी/ अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले नाटोसँग अमेरिकाको वर्तमान सम्बन्धलाई 'एकतर्फी' र 'हास्यास्पद' भएको टिप्पणी गर्दै यसलाई यथावत् कायम राख्न नसकिने बताएका छन् ।

टर्कीको राजधानी अंकारामा जुलाई ७-८ मा हुने नाटो शिखर सम्मेलनअघि उनको यो अभिव्यक्तिलाई गठबन्धनभित्रको बढ्दो मतभेदका रूपमा हेरिएको छ ।

उनले अमेरिकाले गठबन्धनमा अन्य सदस्य राष्ट्रहरूको तुलनामा अत्यधिक आर्थिक तथा सैनिक दायित्व वहन गरिरहेको उल्लेख गर्दै रक्षा खर्चसम्बन्धी तथ्यांकसमेत सार्वजनिक गरेका थिए ।

विशेषगरी इरानसँगको युद्धका क्रममा धेरै युरोपेली मुलुकहरूले अमेरिकी सेनालाई आˆना सैन्य आधार प्रयोग गर्न नदिएको विषयमा ट्रम्पले बारम्बार असन्तुष्टि व्यक्त गर्दै आएका छन् ।

***स्वास्थ्य.....*** उपचारका लागि दबाब नदिई बिमा कार्यक्रमको दिगोपना र प्रभावकारिता कायम राख्न आफ्नो भूमिका निर्वाह गर्न समेत अपिल गरेको छ । बोर्डले सम्पूर्ण सेवा प्रदायक स्वास्थ्य संस्थाहरूलाई बीमित सेवाग्राहीहरूको उपचार सेवामा कुनै पनि प्रकारको अवरोध वा कठिनाइ सिर्जना नगरी निर्धारित मापदण्ड बमोजिम निरन्तर गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराइदिन हार्दिक अनुरोध गरेको छ ।

***चुनौति.....*** र स्थानीय सरकारबीचको उत्तरदायित्व तथा पारदर्शिता अभिवृद्धि गर्ने प्रभावकारी माध्यम भएको बताइन् । उनले नागरिकबाट प्राप्त सुझाव र खबरदारीलाई आगामी योजना तथा सेवा सुधारमा समावेश गरिने प्रतिबद्धता जनाइन् ।

भिन्न मिडिया एण्ड रिसर्च प्रालिको संयोजन तथा सहजीकरणमा सम्पन्न कार्यक्रममा इलाका प्रहरी कार्यालय, मालपोत, ट्राफिक प्रहरी, सडक डिभिजन, नेपाल विद्युत प्राधिकरण, खानेपानी, हुलाक कार्यालय, जनप्रतिनिधि, कर्मचारी, सञ्चारकर्मी तथा विभिन्न संघसंस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

सार्वजनिक सुनुवाइका क्रममा सहभागीहरूले विकास निर्माण, फोहोरमैला व्यवस्थापन, सेवा प्रवाह, कार्यसम्पादन र नगरपालिकाको उत्तरदायित्वबारे प्रश्न उठाएका थिए ।

सम्बन्धित पदाधिकारीहरूले ती प्रश्नको जवाफ दिंदै नागरिकका सुझावलाई समेटेर साउनदेखि क्रमिक कार्यान्वयन गर्दै जाने प्रतिबद्धता व्यक्त गरेका थिए । सो कार्यक्रममा वैशाख ११ गतेको सार्वजनिक सुनुवाईमा गरिएका प्रश्न र त्यसमा गरिएको प्रतिबद्धता अनुसारको प्रगतिका विषयमा समेत प्रष्ट पारिएको थियो ।

***प्रदेश.....*** १८ अर्ब ११ करोड २५ लाख २८ हजार रूपैयाँ पुँजीगत खर्च गरेको थियो । यो रकम आर्थिक वर्ष २०८०/०८१ मा घटेर १६ अर्ब ३४ करोड २८ लाख ९८ हजार रूपैयाँमा झर्‍यो । आर्थिक वर्ष २०८१/०८२ मा विकास खर्च थप घटेर १३ अर्ब ८२ करोड ६१ लाख रूपैयाँमा सीमित भयो । चालु आर्थिक वर्ष (२०८२/०८३) को जेठ मसान्तसम्म पुँजीगत बजेटतर्फ जम्मा ६ अर्ब ८३ करोड २३ लाख ८२ हजार रूपैयाँ अर्थात् ३९.८ प्रतिशतमात्रै खर्च भएको छ । यही गतिले खर्च हुने हो भने आर्थिक वर्षको अन्त्यसम्म पनि विकास खर्च अघिल्लो वर्षको स्तरमा पुग्न कठिन देखिएको छ ।

तीन वर्षमै विकास खर्च करिब ४ अर्ब रूपैयाँले घटेपछि प्रदेशका सडक, पुल, खानेपानी, सिँचाइ, विद्यालय तथा अस्पताल भवन निर्माणजस्ता पूर्वाधार आयोजना प्रभावित भएका छन् । कतिपय आयोजना बजेट अभाव र कार्यान्वयनको सुस्त गतिका कारण अलपत्र परेका छन् । पूर्वआर्थिक मामिला तथा योजनामन्त्री इन्द्रबहादुर आङ्बो बलियो सरकार हुँदा पनि विकास खर्चमा सुधार नआएको भन्दै सरकारको कार्यसम्पादन क्षमतामाथि प्रश्न उठाएका छन् । पुँजीगत खर्चमात्रै होइन, प्रदेश सरकारको समग्र बजेट खर्च गर्ने क्षमता पनि सन्तोषजनक देखिएको छैन । प्रदेश सरकारले २०७४ चैत २९ गते पहिलो पटक १ अर्ब २ करोड ५ लाख रूपैयाँको बजेट ल्याएको थियो । त्यसपछि अधिकांश वर्ष बजेटको आकार बढे पनि खर्च लक्ष्यअनुसार हुन सकेको छैन ।

आर्थिक वर्ष २०७५/०७६ मा ३५ अर्ब ९४ करोड रूपैयाँ विनियोजन गरिएकामा २१ अर्ब ३० करोड रूपैयाँमात्र खर्च भयो । आर्थिक वर्ष २०७६/०७७ मा ४२ अर्ब २० करोड रूपैयाँको बजेटमध्ये २९ अर्ब ८४ करोड रूपैयाँ खर्च भयो भने २०७७/०७८ मा ४० अर्ब ९० करोड रूपैयाँको बजेटमध्ये २७ अर्ब ९६ करोड रूपैयाँमात्र खर्च हुन सक्यो ।

आर्थिक वर्ष २०७८/०७९ मा बजेट घटाएर ३२ अर्ब ७४ करोड रूपैयाँ बनाइए पनि खर्च २९ अर्ब ९७ करोड रूपैयाँमै सीमित रह्यो । आर्थिक वर्ष २०७९/०८० मा ३९ अर्ब ७४ करोड रूपैयाँको बजेटमध्ये ३० अर्ब ७६ करोड रूपैयाँ अर्थात् ७७.०३ प्रतिशत खर्च भयो । आर्थिक वर्ष २०८०/०८१ मा ३६ अर्ब ८१ करोड ९० लाख ७४ हजार रूपैयाँ बजेटमध्ये २८ अर्ब ३ करोड रूपैयाँ अर्थात् ७६.१२ प्रतिशतमात्रै खर्च हुन सक्यो । साथै आर्थिक वर्ष २०८१/०८२ मा ३५ अर्ब २७ करोड ९३ लाख रूपैयाँ विनियोजन गरिए पनि खर्च २८ अर्ब १८ करोड रूपैयाँ अर्थात् ८०.२३ प्रतिशतमा सीमित रह्यो ।

चालु आर्थिक वर्ष (२०८२/०८३) मा ३५ अर्ब ८७ करोड ९९ लाख रूपैयाँको बजेट विनियोजन गरिएको छ । जेठ मसान्तसम्म प्रदेश सरकारले १६ अर्ब ३९ करोड ३२ लाख रूपैयाँ अर्थात् ४५.५ प्रतिशतमात्रै खर्च गर्न सकेको छ ।

यद्यपि आगामी आर्थिक वर्ष (२०८३/०८४) का लागि आर्थिक मामिला तथा योजनामन्त्री विदुरकुमार लिङ्थेपले ४० अर्ब ४४ करोड ९८ लाख रूपैयाँको बजेट प्रस्तुत गरिसकेका छन् । यो चालु वर्षको तुलनामा १२.७४ प्रतिशतले ठुलो भए पनि खर्च गर्ने क्षमता भने अझै चुनौतीकै रूपमा रहेको देखिन्छ ।

***भरुवा.....*** बरामद बन्दुक खाली अवस्थामा रहेको प्रहरीले जनाएको छ । दुवै जनालाई मोटरसाइकल सहित नियन्त्रणमा लिई हातहतियार तथा खरखजाना सम्बन्धी कसुरमा अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी कार्यालय पाँचथरले जनाएको छ ।

## गौरीगञ्ज साना किसान कृषि सहकारी संस्था लि. गौरीगञ्ज-३ झापा, कोशी प्रदेश नेपालको,

# भाका नघाउने ऋणि सदस्यहरुलाई कर्जा बुझाउन आउने सम्बन्धी ऋण बुझाउने बारे ३५ दिने सार्वजनिक

यस संस्थाबाट तपसिलमा उल्लेखित व्यक्तिहरुको निम्न कार्यका लागि पटक पटक गरी ऋण लिई हालसम्म नबुझाई भाखा नघाएको निम्नानुसारको रकम बुझाउने सम्बन्धमा संस्था र सो अन्तर्गतका विभिन्न माध्यमहरुबाट पटक पटक लिखित तथा मौखिक तर ताकेता गरिएको हो । निजहरु आफैंबाट ऋण तिर्न गरिएको कबुलियत तथा ऋण लिँदा र समूह गठन गर्दा पालन गर्न मञ्जुर गरेका सर्तहरु समेत भंग गरी ऋणको सावाँ, ब्याज तथा हर्जना समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस संस्थामा आई ऋण बुझाउन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उल्लेखित मितिभित्र पनि ऋण बुझाउन नआएमा सहकारी ऐन २०७४ को दफा ७९ र सहकारी नियमावली २०७५ को दफा ३० तथा यस संस्थाको नियमानुसार ऋण लिँदा संस्थालाई लेखि दिएको धितो लिलाम/बिक्री वा अन्य व्यवस्था गरी संस्थाको लिनुपर्ने रकम असुल उपर गरिने व्यहोरा जानकारी गराईन्छ। साथै तपसिलमा उल्लेखित व्यक्तिहरुलाई निम्न उल्लेखित ऋण लिँदा आफ्नो जायजेथा मञ्जुरीनामा दिनेहरुलाई उल्लिखित बेहोराको जानकारी यसै सूचनाद्वारा गराइएको छ।

## तपशील

| क्रस | ऋणीको नाम, स.नं. | ठेगाना | पति वा पत्नीको नाम | बाबुको नाम | उद्देश्य | सावाँ | ऋणको अवस्था | धितो मञ्जुरीनामा दिने वा जमानत बस्नेको नाम | नागरिकता नं. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | **कुमारी वैजन्ती राजबंशी** | हाल कोरोवारी सािवक गौरीगञ्ज १ | हंस नारायण राजबंशी | कुसल सिंह राजबंशी | धानखेती | ४८,०००। | **पुर्ण भाका नाघेको** | समुहनं. ५१ | ०४२०४१/४८६ |
| २ | **चन्द्रावती राजबंशी** | गौरीगञ्ज ४ | कुशलसिंह | एकलाल सिंअ | अटो २ | १३२४०००। | **पुर्ण भाका नाघेको** | धितो सि.नं. ७९०८५९, कि.नं. १३४७ क्षे. १९४३.०३ र कि.न. १३७६ क्षे. ४८६.०५ **(दृष्टिबन्धक रहेको)** | ७८९ |
| ३ | छत्र बहादुर शेर्मा | गौरीगञ्ज ३ | | रण वहादुर शेर्मा | जग्गा खरिद | २५००००। | **पुर्ण भाका नाघेको** | सिट नं. १७९०७३९ कित्ता नं. २९६२ क्षेत्रफल : ३३८.६३ **(दृष्टिबन्धक)** | ३००१७३२० |
| ४ | चिन्तादेवी वरही शर्मा | हाल गौरीगञ्ज ४ | पेटकु वरशी | महादेव शर्मा | धानखेती | ५००००। | **पुर्ण भाका नाघेको** | समुह नं. ३१ | ०४३०५०/६९ |
| **५** | **सुखमाया सुवेढी** | **हाल गौरीगञ्ज ४** | **राज कुमार सुवेढी** | **देवानसिंह याक्तीन** | **धानखेती** | **४००००।** | **पुर्ण भाका नाघेको** | **समुह न.. ७७** | **९५११ प्रथम प्रतिलिपी** |
| ६ | विमला देवी माली | हाल गौरीगञ्ज ४ | उमेश माली | अलिक चन्द्र मालिन्धर | धानखेती | ५००००। | **पुर्ण भाका नाघेको** | समुह नं. ३१ | **०४.०२.७४.०१५६०** |
| ७ | फुलमाया पन्त | हाल गौरीगञ्ज ३ | चन्द्र बहादुर पन्त | चन्द्र बहादुर राई | धानखेती | ३००००। | **पुर्ण भाका नाघेको** | समुह नं. २१ | ९४०।१७६ |
| ८ | शान्ता कार्की | गौरीगञ्ज ३ | कर्ण बहादुर कार्की | दिल बहादुर भट्टराई | सफारी | ६००००। | **पुर्ण भाका नाघेको** | समुह नं. ११३ | ०४.०२.७४.०२२८१ |
| ९ | महागीं कुमारी महतो | गौरीगञ्ज ३ | दर्शन महतो | | फर्निचर | ६००००। | **पुर्ण भाका नाघेको** | समुह नं. ८५ | । |
| १० | मुना गिरी | गौरीगञ्ज ३ माथिल्लो तेलकानी | पति नारायण गिरी | सशुरा स्व.रुप नारायण गिरी | खरिद बिक्री | ७५८००००। | **पुर्ण भाका नाघेको** | जग्गाधनी रुप नारायनण गिरी कि.नं. १५८६ क्षेत्रफल २०१९।११ | ०४३०४७/५०९ पति ४२३१२२८० |
| ११ | कृष्ण कुमारी राई (सुष्मा) | गौरीगञ्ज ३ माथिल्लो तेलकानी | नर बहादुर राई | टेक बहादुर राई | ब्यापार | ११०००००। | **पुर्ण भाका नाघेको** | कित्ता नं. २३१८ क्षेत्रफल ६२६.४१ | ०४३०४७/२६४ |
| १२ | सुरबदनी कार्की | गौरीगञ्ज ३ तल्लो तेलकानी | फडिन्द्र बहादुर कार्की | अमृत बहादुर | सामाजिक कार्य | ७०००००। | **भा.ना.** | कित्ता न.. ३४४८ क्षेत्रफल ६०९।५७ | 342.23 |
| १३ | राईझली माझी | गौरीगञ्ज ३ माथिल्लो तेलकानी | दुर्गालाल माझी ना. .न. ०४२०५०/३३३ | सशुरा खुदिमान माझी | बैदेशिक रोजगार | ४७५०००। | **भा.ना.** | **कित्ता नं. १९०९ क्षेत्रफल ५०७.९५** | **०४३०५०/३२३** |
| १४ | कविता कुमारी दास | गौरीगञ्ज ३ | | | पसल | ३५२६५। | **पुर्ण भाका नाघेको** | । | । |

**प्रधान सम्पादक/प्रकाशक**: गञ्जबहादुर दाहाल, **कार्यालय**: दमक-५, झापा, फोनः ०२३-५७०२७२, **प्रबन्धक**: सुवासचन्द्र भट्टराई, **मुद्रण**: ज्योति अफसेट प्रेस, **कार्यकारी सम्पादकः** खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com **ले-आउट**: सुरेन बस्नेत **सल्लाहकार** : पंकज दाहाल